INTERNATIONAL BACCALAUREATE
BACCALAURÉAT INTERNATIONAL
BACHILLERATO INTERNACIONAL



**NEPALI A1 – STANDARD LEVEL – PAPER 1**
**NEPALAIS A1 – NIVEAU MOYEN – ÉPREUVE 1**
**NEPALÍ A1 – NIVEL MEDIO – PRUEBA 1**

Thursday 17 May 2001 (afternoon)
Jeudi 17 mai 2001 (après-midi)
Jueves 17 de mayo de 2001 (tarde)

1 hour 30 minutes / 1 heure 30 minutes / 1 hora 30 minutos

INSTRUCTIONS TO CANDIDATES

- Do not open this examination paper until instructed to do so.
- Write a commentary on one passage only. It is not compulsory for you to respond directly to the guiding questions provided. However, you may use them if you wish.

INSTRUCTIONS DESTINÉES AUX CANDIDATS

- Ne pas ouvrir cette épreuve avant d'y être autorisé.
- Rédiger un commentaire sur un seul des passages. Le commentaire ne doit pas nécessairement répondre aux questions d'orientation fournies. Vous pouvez toutefois les utiliser si vous le désirez.

INSTRUCCIONES PARA LOS ALUMNOS

- No abra esta prueba hasta que se lo autoricen.
- Escriba un comentario sobre un solo fragmento. No es obligatorio responder directamente a las preguntas que se ofrecen a modo de guía. Sin embargo, puede usarlas si lo desea.

तल दिइएको निबन्ध <u>अथवा</u> कविताको टिप्पणी लेख्नुहोस् ।

१ (क)

सधैं सधैं
घरका धुरीहरूमा
बारका घोचाहरूमा
आँगनहरूमा, बार्दलीहरूमा
घाँटी तन्काउँदै, सिउर हल्लाउँदै
बास्ने काम भालेको हो
आवाज उकास्ने काम भालेको हो ।
पोथीले मात्र कुरकुराउनुपर्छ
आक्रोशका घुड्का चुपचाप निल्नुपर्छ
अन्डा पार्नुपर्छ
ओथारा बस्नुपर्छ
चल्ला काढ्नु अनि तन्मयतापूर्वक बच्चा हुर्काउनुपर्छ
उन्मुक्त हाँसो हाँस्नुहुँदैन
पोथी बास्नुहुँदैन ।
बाटो बाटो हो
त्यो साँघुरो होस् या फराकिलो
त्यो सफा होस् या घिनलाग्दो
चुपचाप चुपचाप हिंड्नुपर्छ
नयाँ नयाँ कुरा सोच्नुहुँदैन
पुरातनलाई घोच्नुहुँदैन
परिवर्तनमा चासो राख्नुहुँदैन
पोथी बास्नुहुँदैन ।

कुन्ता शर्मा, पोथी बास्नुहुँदैन (समकालीन नेपाली कविता, २०५५, पृ० ६८)

यस कविताको भाषा-शैली र संरचनाको वर्णन गर्नुहोस् ।
यस कविताभित्रको सामाजिक सन्देश कसरी निस्किन्छ ?
यो कविता पढिसकेपछि तपाईंको व्यक्तिगत प्रतिक्रिया के हो ?

१ (ख)

हिजो आज म यस्ता सूचना-पाटीहरू काठमाडौंमा जतातते देख्छु। कुरा जटिल छ भन्ने मलाई लागेकोछ। जटिल हुने कारणहरू छन्। पहिलो कारण त नाक छेडिनु राम्रो कुरा होइन। दोश्रो कुरा छेडिनु छ भने नाकै किन छेडिने? शरीरका अरू अंग किन नछेडिने? नाकै छेड्नु पर्ने आवश्यकता किन पर्‌यो? त्यस्मा पनि मेसिनबाट नाक छेड्नु भनेको के हो त?

शरीरको कुनै न कुनै अङ्ग छेड्ने अथवा क्षत वनाउंने मानिसको एउटा पुरानो र सबै देश र संस्कृतिमा चलेको कुरा रहेछ। अक्षत शरीर राख्नु हुंदैन भन्ने एक सार्वभौमिक विश्वास रहेछ। कसैले देखिएका अङ्ग छेड्छन् भने कसैले नदेखिएका अङ्ग छेड्छन्। अङ्ग काट्ने चलन पनि व्यापक हुंदोरहेछ। हिजो आज अङ्ग क्षति बनाउंने चलन त सांस्कृतिक नभएर आर्थिक भएकोछ। संसारका प्रायश पुरूष वा महिलाका अंग काटिएका हुन्छन्। परिवार नियोजन गर्नेले अङ्ग अक्षत राख्न सक्दैन। यो एउटा नयां मानव सभ्यताको चिन्ह जस्तो भइसकेको छ।

अब नाक छेड्ने चलनको कुरा गर्दा, हामीले पुरानो भन्दा पुरानो संस्कृतिमा पनि नाक छेडिएका प्रमाण पाउंछौ। गहना लर्काउंन नाक छेडिन्छ भन्ने तर्क यथार्थ छ। सबैले यो कुरा बुझ्केकै हुनुपर्छ। नाकमात्र होइन ओठ पनि छेडेर गहना, मुन्द्रा झुण्डाएका अफ्रिकी सुन्दरीहरूका चित्र हामीले देखेका छौं। कान छेडेर यति लामा लोतीमा सुनका भार लगाएका आइमाईहरू हाम्रै देशमा जतातते देख्न सकिन्छ।

यो त भयो साधारण अर्थमा नाक कान छेड्ने विषयको चर्चा। तर नेपालमा नाक छेड्नु पर्ने त्यस्मा पनि मेसिनले नाक छेड्नु पर्ने आवश्यकता किन पर्‌यो त भन्ने विषयमा मलाई मनमा लागेका कुरा यहां पोख्न चाहन्छु।

नेपालीको नाक त्यति सद्दे छैन भन्छन्। नाक गयो भनेपछि इज्जत गयो, सान गयो भन्ने अर्थ बुझिन्छ। यो नाक जसरी भएपनि नेपालीले बचाउलान् भन्ने सोचेको त अब मेसिन ल्याई ल्याई यस्लाई छेडेर हुर्मत काड्न लागेको देखेर मन खिन्न भएकोछ मेरो।

नेपालीले मेसिन किन ल्याउंछन् भन्दा यस्तै यस्तै उट्पटयाङ काम गर्नलाई ल्याउंछन् कि जस्तो लाग्छ। कृषिमा मेसिन चाहिएको छ तर छैन, ढुङ्गा फोर्न मेसिन चाहिएकोछ तर छैन, बाटो खन्न मेसिन चाहिएकोछ तर छैन, खानी झिक्न मेसिन चाहिएकोछ तर छैन। नाक छेड्न मेसिन चाहिएको छैन तर मेसिन आएकोछ। कहीं नभएको जात्रा हांडी गाउंमा भने जस्तै जुन देशको नाक जान लागिसक्यो त्यस देशका मान्छेको नाक मेसिन ल्याई ल्याई किन छेड्नु पर्ने?

अभि सुबेदी. *कार्पेट टाँगिएको आकाश*. काठमाडौ २०५५. पृ० १३-४

निबन्धको यस उद्धरणको भाषा-शैली कस्तो छ ?
निबन्धको यस उद्धरणलाई व्यंगात्मक भन्न मिल्छ कि मिल्दैन ? किन ?
यो उद्धरण पढिसकेपछि तपाईको व्यक्तिगत प्रतिक्रिया के हो ?